

European Union
Civil Protection and
Humanitarian Aid

UNDP

# वहुप्रकोप जोखिमयुक्त शहरी क्षेत्रमा विपद् जोखिम न्यूनीकरण एवं आपत्कालीन प्रतिकार्य क्षमता अभिवृद्धि परियोजना

## संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम







## परिचय

नेपालमा द्रुतगतीमा शहरीकरण भैरहेको छ। शहरी क्षेत्रको जनसंख्या पनि त्यही अनुसार वृद्धि भएको छ। यसका साथै वहुप्रकोप जोखिम एवं त्यसबाट सिर्जित विपद्जन्य असरहरू प्रति यी शहरी क्षेत्रहरूको सम्मुखता पनि निरन्तर रूपमा बढ्दै गएको छ।

नेपाल सरकारका तीन वटै तहमा विपद् प्रतिकार्य सम्बन्धी कार्यको लागि विभिन्न कानून, नीति तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन भएका र केही हुने क्रममा पनि रहेका छन्। यद्यपि, पालिकास्तरमा भने नीति तथा कार्यक्रमहरूलाई पूर्ण रूपमा कार्यान्वयन गर्न सहयोग पुग्ने गरी अझै प्रभावकारी क्रियाकलाप तथा नमूनाहरू उपलब्ध गराउने र त्यससँग सम्बन्धित क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता देखिन्छ। यसो गर्न सकेमा पालिकाहरू आपत्कालीन पूर्वतयारी सम्बन्धी कार्यलाई सबल बनाई संस्थागत गर्न र एकिकृत तथा समन्यात्मक रूपमा प्रतिकार्य सम्बन्धी योजना तर्जुमा गरी कार्यान्वयन गर्न अझ प्रभावकारी हुनेछन्।

यसै सन्दर्भमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी)ले युरोपेली युनियन (ईयु)को मानवीय सहायता विभागको आर्थिक सहयोगमा र नेपालका विभिन्न तीनवटा शहरी क्षेत्रमा अवस्थित पालिकाहरूसँगको साझेदारीमा वहुप्रकोप जोखिमयुक्त शहरी क्षेत्रमा विपद् जोखिम न्यूनीकरण एवं आपत्कालीन प्रतिकार्य क्षमता अभिवृद्धि परियोजना कार्यान्वयन गरिरहेको छ। शहरी क्षेत्रका विपद् जोखिम सम्बन्धी बुझाई वृद्धि गरी वहुप्रकोप जोखिम सम्बोधन गर्ने एवं सम्भावित मानवीय आपत्कालीन अवस्थामा प्रभावकारी प्रतिकार्य गर्न पालिकाहरूको क्षमता अभिवृद्धि गर्नु परियोजनाको लक्ष्य रहेको छ ।

## परियोजनाका उद्देश्यहरु

**१**

### छनौट गरिएका शहरी क्षेत्रका उच्च जोखिममा रहेका समुदाय तथा पालिका तहमा विपद् जोखिम सम्बन्धी बुझाई तथा सचेतना अभिवृद्धि गर्ने

शहरी क्षेत्रमा रहेको प्रकोपको बारेमा सूचना सङ्कलन गर्दै समुदायका सदस्यहरू तथा पालिकामा कार्यरत अधिकारीहरुमा प्रकोप सम्मुखता तथा सङ्कटासन्नताको बारेमा बुझाई अभिवृद्धि गर्नेछ।

विपद् जोखिम न्यूनीकरण सम्बन्धी उपयुक्त अभ्यास सञ्चालनका लागि अभिप्रेरित गर्न समुदाय तथा पालिकालाई जोखिम तथा सङ्कटासन्नताको बारेमा अभिमुखीकरण गर्नेछ।

**२**

### प्रभावकारी आपत्कालीन प्रतिकार्य तथा व्यवस्थापनको लागि आवश्यक नयाँ संयन्त्र निर्माण गर्दै सबै तहमा रहेका व्यवस्थाहरूलाई सुदृढ बनाउने

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले विपद् सम्बन्धी कार्यहरु गर्न, स्थानीय स्तरमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन तर्जुमा गर्न र विपद् पूर्वतयारी र प्रतिकार्यको लागि आवश्यक व्यवस्थाहरु सुनिश्चित गर्न महत्वपूर्ण जिम्मेवारी स्थानीय सरकारलाई दिएको हुँदा एकिकृत तथा समन्वयात्मक मानवीय प्रतिकार्य तथा पूर्वतयारी कार्य सुनिश्चित गर्नको लागि तीनवटा पालिकाहरुमा क्षमता अभिवृद्धि गरी आवश्यक व्यवस्था तर्जुमा गरी ती व्यवस्थाहरूलाई सुदृढीकरण गर्ने र संस्थागत गर्ने कार्यमा सहयोग पुर्याउने छ।

**३**

### प्रभावकारी आपत्कालीन प्रतिकार्य तथा जोखिम न्यूनीकरणका लागि समुदाय तथा पालिका तहमा विपद् पूर्वतयारीमा टेवा पुऱ्याउने सम्बन्धी कार्यहरु सञ्चालन गर्ने

समुदाय, निजी क्षेत्र तथा पालिकामा रहेका विभिन्न सरोकारवालाहरुको सहभागितामा विपद्का कारण भविष्यमा आइपर्नसक्ने आपत्कालीन प्रतिकार्यलाई एकिकृत तथा समन्वयात्मक रुपमा सञ्चालन गर्ने व्यवस्थालाई अझ सुदृढ गर्नुपर्ने आवश्यकतालाई आत्मसाथ गरी विपद्बाट हुन सक्ने असरहरु कम गर्न र आपत्कालीन प्रतिकार्यलाई प्रभावकारी बनाउन विभिन्न सरोकारवालाहरुको सहभागितामा जोखिम न्यूनीकरण गर्नेछ।



## परियोजना अन्तरगत सञ्चालन हुने प्रमुख क्रियाकलापहरू

### विपद् जोखिम सम्बन्धी बुझाई तथा सचेतना अभिवृद्धि

- विपद्, सम्मुखता, सङ्कटासन्नता तथा जोखिम अल्पीकरण सम्बन्धी सचेतना अभिवृद्धि
- प्रकोप नक्साङ्कन, सङ्कटासन्नता तथा क्षमता लेखाजोखा, आवास तथा अन्य पूर्वाधारको संरचनागत लेखाजोखा
- विपद् सम्बन्धी सिकाई सङ्कलन गरी यस क्षेत्रमा कार्यरत संस्था तथा व्यक्तिबीचमा प्रचार प्रसार



### प्रभावकारी आपत्कालीन प्रतिकार्य व्यवस्था सुदृढीकरण

- जोखिम न्यूनीकरणका लागि आपत् कालीन पूर्वतयारी तथा प्रतिकार्य योजना र सञ्चालन विधि तर्जुमा
- आपत्कालीन अवस्थामा समन्वय गर्ने पालिकास्तरीय आपत्कालीन कार्य सञ्चालन केन्द्र संस्थागत गर्न सहयोग
- विपद् राहत मापदण्ड तथा निर्देशिका निर्माण एवं विपद् सम्बन्धी लेखाजोखा क्षमता अभिवृद्धि
- आपत्कालीन प्रतिकार्य टोली तालिमप्राप्त स्वयंसेवक एवं आगलागी प्रतिकार्य टोलीको सञ्जाल निर्माण
- अवशिष्ट जोखिम सम्बोधन गर्न उपयुक्त जोखिम हस्तान्तरण तथा बीमा कार्यक्रम प्रवर्द्धन
- पालिकास्तरीय उत्थानशीलता कोष निर्देशिका निर्माण तथा कोष संस्थागत गर्ने सम्बन्धी सहयोग

### प्रतिकार्यका लागि बलियो पूर्वतयारी व्यवस्था

- न्यूनतम आवश्यक आपत्कालीन सेवाको लागि उच्च जोखिमयुक्त स्थानमा संरचनागत/गैर संरचनागत उपायहरू
- समुदायस्तरीय आपत्कालीन प्रतिकार्य टोलीका १०५० जना सदस्यमा जीवनरक्षा र पूर्वतयारी सम्बन्धी क्षमता अभिवृद्धि
- प्राथमिकतामा परेका प्रकोप सामना गर्न १२ वटा आपत्कालीन प्रतिकार्य तथा सुरक्षा सम्बन्धी पूर्व अभ्यास
- पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यको लागि समुदाय स्तरमा १२ वटा ससाना पूर्वाधारको कार्यान्वयन
- पूर्वतयारी तथा प्रतिकार्यको लागि पालिकास्तरीय आपत्कालीन कार्य सञ्चालन केन्द्र निर्माण
- पालिका तथा समुदाय स्तरमा आगलागी सम्बन्धी प्रतिकार्य क्षमता अभिवृद्धि

## परियोजना अवधि


सन् २०१९ जुन- २०२१ फेब्रुवरी









## परियोजना क्षेत्र




**ललितपुर महानगरपालिका**
**वडा नं १६ १९**




**भरतपुर महानगरपालिका**
**वडा नं २ १०**




**भीमेश्वर नगरपालिका**
**वडा नं ३ ६**

## सहकार्य साझेदारहरु

भरतपुर महानगरपालिका

भीमेश्वर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

भीमेश्वर नगरपालिका

ललितपुर महानगरपालिका

**परियोजनाका सरोकारवालाहरु**: संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, ललितपुर महानगरपालिका, भरतपुर महानगरपालिका एवं भीमेश्वर नगरपालिका, परियोजना कार्यान्वयन हुने वडाका बासिन्दाहरु, उद्योग वाणिज्य संघ, दमकल सेवा, स्थानीय सुरक्षा निकायहरु, नेपाल रेडक्रस सोसाइटीका जिल्ला शाखाहरु, टोल विकास संस्था, युवा एवं महिला समुहहरु तथा जोखिममा परेका समुदायहरु।

## स्थानीय साझेदार गैरसरकारी संस्थाहरु

विकासका लागी ग्रामीण कल्याण तथा
कृषि सुधार समूह - नेपाल
(फरवार्ड नेपाल)
भरतपुर, चितवन

मानव अधिकार सचेतन तथा विकास केन्द्र
(हुराडेक नेपाल)
चरिकोट, दोलखा

फ्रेन्ड्स सर्भिस काउन्सिल नेपाल
इमाडोल, ललितपुर

### परियोजना सम्बन्धी सम्पर्कको लागि

सुशान्त शर्मा
परियोजना संयोजक
फोन नं: + ९७७-१-५००४१७६
इमेल: sushant.sharma@undp.org
www.np.undp.org

### सामाजिक सञ्जालमा युएनडीपी

facebook.com/undpnepal
twitter.com/undpnepal
youtube.com/undpnepal
instagram.com/undpnepal